# मादी गाउँपालिका
# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २ संख्या १३ असोज २६ गते, २०७५ साल

## भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# संवत् २०७५ सालको कार्यविधि नं. १३

# उपाध्यक्षसँग महिला बालबालिका कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावनाः**
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उपाध्यक्षसँग महिला बालबालिका कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ स्वीकृत गरी जारी गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भ

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** १) यस कार्यविधिको नाम मादी गाउँपालिकाको

मादी गाउँपालिका कास्की

उपाध्यक्षसँग महिला बालबालिका कार्यक्रम सञ्चालन कार्यविधि २०७५ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषा :** विषय वा प्रसँगले अको अर्थ नलागेमा यस कार्यविधिमा

(क) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ख) “गाउँपालिका” मादी गाउँपालिका सम्झनु पर्दछ ।

(ग) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार सञ्चालन ऐनको दफा ८४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(छ) “गाउँ सभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिम गाउँसभा सम्झनु पर्छ ।

(ज) “योजना” भन्नाले आयोजना तथा कार्यक्रमसमेतलाई जनाउँछ ।

(झ) “वडा” भन्नाले गाउँपालिकाका वडा सम्झनु पर्छ ।

(ञ) “वडा अध्यक्ष” भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ट) “सदस्य” भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनु पर्दछ ।

(ठ) “वडा समिति” भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ ।

(ड) “सरकारी संस्था” भन्नाले गाउँपालिका, वडा कार्यालय, स्थानीय स्तरका विषयगत कार्यालय, विद्यालय आदिलाई जनाउँदछ ।

(ढ) “गै.स.स” भन्नाले समाज कल्याण ऐन अर्न्तगत दर्ता भएका गै.स.स., आमा समूह, युवा क्लव, उपभोक्ता समिति, सहकारी संस्था, कृषि, पशु लगायतका विभिन्न व्यवसायिक संस्था आदिलाई जनाउदछ ।

३. **उपाध्यक्षसँग महिला बालबालिका कार्यक्रम भन्नाले :** गाउँपालिका र वडा स्तरमा सञ्चालन हुने सवै महिला र बालबालिका सँग सम्बन्धित कार्यक्रमलाई जनाउँछ, जस भित्र निम्न कार्यक्रम पर्दछन्:

३.१ शैक्षिक कार्यक्रम : शिशुस्यार केन्द्र, स्वास्थ्य केन्द्र, शैक्षिक गुणस्तर वृद्धि र अनिवार्य शिक्षा,

३.२ क्षमता विकास कार्यक्रम : तालिम, अवलोकन भ्रमण, शिप विकास,

३.३ रोजगारमूलक कार्यक्रम : रोजगारमूलक तालिम, सीप, लगानी तथा साझेदारी सहयोग,

३.४. महिला हिंसा विरुद्ध कार्यक्रम : मेलमिलाप, मध्यस्थता र अन्य शान्ति सद्भाव

कार्य, घरेलु हिंसा र यौनजन्य हिंसा

३.५. राहत पुर्नस्थापन कार्यक्रम : अभिभावक विहिन महिला बालबालिका तथा हिंसा पिडीत दुवैलाई राहत पुर्नस्थापन र सिफारिसलाई जनाइन्छ ।

३.६. चेतनामूलक कार्यक्रम : मनोविमर्श, कानुनि, नितिगत, स्पष्टता, चेतना, जनाकारी सूचना ।

३.७. अभियानमूलक कार्यक्रम : महिला दिवस, वाल दिवस, महिला र वाल हिंसा विरुद्धका दिवसहरू,

३.८. किशोर किशोरी कार्यक्रम : व्यक्तिगत स्वास्थ्यमूलक कार्यक्रम जस्तै किशोरी स्यानेटरी प्याड लगायत अन्य

३.९. गै.स.स. साझेदारी कार्यक्रम : गै.स.स. सँग सम्झौता भई महिला बालबालिका लक्षित कार्यक्रम

**४. उपाध्यक्ष सँग महिला बालबालिका कार्यक्रम भित्र दफा ३ अर्न्तगत सञ्चालन हुने उप कार्यक्रम भन्नले तपसिलका कार्यक्रमलाई जनाउँदछ :**

- ➢ तालिम, चेतनामूलक कार्यक्रम एकल र संयुक्त महिला पुरुष
- ➢ पूँजीगत निर्माण कार्य तोकिएका पूँजीगत तर्फका
- ➢ चालु कार्यक्रम तोकिएका चालु कार्यक्रम
- ➢ वृद्ध महिला हितका छुट्टै कार्यक्रम
- ➢ वच्चा महिला तथा पुरुषका छुट्टै कार्यक्रम, वाल कार्यक्रम
- ➢ गरिव, असाहाय, दलित, अपाङ्ग महिलाका छुटै कार्यक्रम
- ➢ सशक्तिकरण कार्यक्रम
- ➢ सहयोग सम्मान पुरस्कार सवै तहमा
- ➢ विभिन्न महिला, वालमञ्च लगायतका समूह गठन परिचालन, व्यवस्थापन
- ➢ आयआर्जन कार्यक्रम कृषि, पशु, होमस्टे
- ➢ विद्यालय, कलेज स्तरीय युवा, महिला तथा बालबालिका लक्षित कार्यक्रम
- ➢ अभिभावकलाई महिला हिंसा, छोरी सुरक्षा चेतना तथा छोरा वाल संरक्षण कार्यक्रम तथा सो महिला तथा बालबालिका प्रतिकार क्षमता सीप तालिम (सेल्फ डिफेन्स कार्यक्रम) असक्षम/गरिव असहाय
- ➢ महिला बालबालिका न्यायिक सहयोग कार्यक्रम
- ➢ वाल महिला पुरुष शैक्षिक सामग्री कार्यक्रम
- ➢ गै.स.स. सँग गर्ने गरी तोकिएका सम्झौता अनुसारका कार्यक्रम
- ➢ अन्य कार्यपालिका तथा कार्यलय निर्णय अनुसार कार्यक्रम

**५. विशेष व्यवस्था :** यस कार्य विधिले व्यवस्था गरेको विषय कार्यन्वयन गर्नु वडा

र गाउँपालिका सवैको कर्तव्य हुने छ । यो व्यवस्था प्रतिकूल हुने गरी कार्यक्रम सञ्चालन गर्न पाईने छैन ।

६. **कार्यविधि लागु :** १) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुने छ ।

७. **कार्यविधिमा परिर्माजन तथा संशोधन :** यस कार्यविधिको कार्यन्वयनमा कुनै समस्या देखिएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन संशोधन गर्न सक्नेछ ।

८. **खारेजी :** यस कार्यविधिका कुनै दफा, उपदफा, लगायत सबै खण्ड वा आंशिक खण्ड कुनै विषय प्रदेश कानुन र संघीय कानुन र अन्य कुनै कानुनसँग बाझिएमा वा बाझिएको हदसम्म अमान्य हुने छ ।

आज्ञाले,
युवराज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

मादी गाउँपालिका, कास्की